# इ. अ. स. केन्द्रिकृत भर्ना अनुगमन समिति – २०७४
## भर्ना सञ्चालन कार्यविधि

१. सम्बन्धित क्याम्पस/कलेजहरुले सबै आवेदन तथा भर्ना सूचीहरु सहितको भर्ना सम्बन्धि पूर्ण विवरण क्याम्पस/कलेजको भर्ना Portal बाट उपलब्ध गराउनु पर्नेछ।

२. इ. अ. स. को शैक्षिक वर्ष २०७४/७५ को BE/BArch भर्ना कार्यक्रमका लागि सबै क्याम्पस/कलेजहरुले Admission Priority Application फारम Online मार्फत भर्ने ब्यबस्था मिलाउनु पर्नेछ। उक्त Online Portal केन्द्रिय भर्ना Portal मा link राख्नु पर्ने हुनाले सबै क्याम्पस-कलेजहरुले मिति २०७४-०४-३१ गते सम्म केन्द्रिय भर्ना अनुगमन समितिलाई जानकारी गराइ केन्द्रिय भर्ना Portal मा link राख्नु पर्नेछ।

३. विद्यार्थीहरुले जुन क्याम्पस/कलेजमा अध्ययन गर्न चाहेको हो सोहि क्याम्पस/कलेजको Web Portal मार्फत प्राथमिकता सहितको छुटा-छुट्टै आवेदन दिनु पर्नेछ।

| प्रथम भर्ना कार्यक्रम र समय तालिका | |
|---|---|
| प्रथम तथा दोस्रो भर्ना सूची (First & Second Admission List) प्रकाशनका लागि आवेदन खोल्ने | २०७४-०४-३२ गते बिहान १०:०० बजे देखि २०७४-०५-०३ गते साँझ ५:०० बजे सम्म। |
| आवेदकले प्राथमिकता संशोधन गर्न सक्ने, BArch झुकाव परीक्षा लिने, प्रथम भर्ना सूची प्रकाशन गर्ने र आवेदन सूची सहित प्रथम भर्ना सूची केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७४-०५-०४, ०५ र ०६ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| प्रथम भर्ना सूची उपर दाबि विरोध गर्ने | २०७४-०५-०७ गते बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |
| संशोधित प्रथम भर्ना सूची प्रकाशित गरि केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७४-०५-०७ गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| प्रथम भर्ना सूची बाट विद्यार्थी भर्ना गर्ने | २०७४-०५-०८, ०९ र १० गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| **दोस्रो भर्ना कार्यक्रम र समय तालिका** | |
| दोस्रो भर्ना सूची प्रकाशन गर्ने र केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७४-०५-११ गते बिहान १०:०० बजे भित्र। |
| दोस्रो भर्ना सूची उपर दाबि विरोध गर्ने | २०७४-०५-११ गते बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |
| संशोधित दोस्रो भर्ना सूची प्रकाशित गरि केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७४-०५-११ गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| दोस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने | २०७४-०५-१२ र १३ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |

| तेस्रो भर्ना कार्यक्रम र समय तालिका | |
|---|---|
| तेस्रो भर्ना सूचीका लागि नयाँ आवेदन लिन सक्ने, प्राथमिकताक्रम परिवर्तन गर्न सक्ने, BArch झुकाव परीक्षा लिने र आवेदन सूची अद्यावधिक गरि तेस्रो भर्ना सूची प्रकाशन गर्ने | २०७४-०५-१४ र १५ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| आवेदन सूची सहित तेस्रो भर्ना सूची केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७४-०५-१६ गते बिहान १०:०० बजे भित्र। |
| तेस्रो भर्ना सूची उपर दाबि विरोध गर्ने | २०७४-०५-१६ गते बिहान १०:०० बजे देखी दिउँसो २:०० बजे सम्म। |
| संशोधित तेस्रो भर्ना सूची प्रकाशित गरि केन्द्रिय भर्ना Portal मा Upload गर्ने | २०७४-०५-१६ गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| तेस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने | २०७४-०५-१७ र १८ गते १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |

४. सबै क्याम्पस/कलेजहरुले प्रथम, दोस्रो र तेस्रो सूची लगायत पछिल्ला भर्ना सूचीहरु Entrance Rank को योग्यताक्रम (Merit Basis) अनुसारनै प्रकाशित गरि इ. अ. स. ले उपलब्ध गराएको केन्द्रिय Portal बाटै भर्ना गर्नु पर्नेछ।

५. कुनै पनि विद्यार्थीले कुनै क्याम्पस/कलेजको एक कार्यक्रममा भर्ना भैसकेपछि सम्बन्धित क्याम्पस/कलेजबाट भर्ना भएको विवरण (Confirmation Page) लिनु पर्नेछ र केन्द्रिय भर्ना Portal (admission.ioe.edu.np) बाट यकिन (Verify) गर्नु पर्नेछ। केन्द्रिय भर्ना Portal मा आफ्नो भर्ना विवरण यकिन नभएको खण्डमा उक्त विद्यार्थी भर्ना भएको मानिने छैन।

६. कुनै विद्यार्थीले एउटा क्याम्पस/कलेजको कुनै एक कार्यक्रममा भर्ना भैसकेको भएता पनि अन्य क्याम्पस/कलेजको कुनै कार्यक्रममा जान चाहेमा उक्त भर्नाको म्याद सकिनु अगावै केन्द्रिय भर्ना Portal मा Login गरी "**अन्यमा जान चाहेको (Switching Interest)**" भनि **Confirm** गर्नु पर्नेछ। यसरी Switching Interest को Confirm नगरेको खण्डमा एक क्याम्पस/कलेजको कुनै एक कार्यक्रममा भर्ना भैसकेको विद्यार्थीको नाम अन्य क्याम्पस/कलेजको पछिल्ला भर्ना सूचीमा निस्कने छैन।

७. आवेदन दिएका तर अघिल्ला भर्ना सूचीमा पर्न नसकेका साथै "**अन्यमा जान चाहेको (Switching Interest)**" भनि Confirm गरेका विद्यार्थीहरुको सूची सम्बन्धित क्याम्पस/कलेजहरुले जुन सुकै बेला पनि क्याम्पस/कलेज Login Portal बाट Download गरी पछिल्ला भर्ना सूचीहरुमा अद्यावधिक गर्नु पर्नेछ।

८. विदेशी विद्यार्थीहरुको भर्ना सम्बन्धमा इ. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी तथा निर्देशिका-२०७४ को बुँदा ६.४ मा उल्लेख भए अनुसारनै हुनेछ।

९. सबै सम्बन्धन प्राप्त कलेजहरुमा भर्ना रद्द गर्ने सम्बन्धि व्यवस्था इ. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी तथा निर्देशिका-२०७४ को बुँदा ८.३ मा उल्लेख गरे बमोजिम हुनेछ।

१०. सबै सम्बन्धन प्राप्त कलेजहरुमा महिला कोटा सम्बन्धि व्यवस्था इ. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी तथा निर्देशिका -२०७४ को बुँदा ६.१ मा उल्लेख गरे बमोजिम हुनेछ।

११.कक्षा सञ्चालन भएको प्रथम ७ दिन (२०७४-०८-०७) भित्र इ. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी तथा निर्देशिका-२०७४ को बुंदा ८.२ मा उल्लेख भए अनुसार खालि हुन गएको सिटमा दोस्रो हप्ता भित्र (२०७४-०८-१५ गते भित्र) नयाँ भर्ना गर्न सकिनेछ।

१२.कक्षा सञ्चालन भएको १५ दिन सम्म क्याम्पस/कलेजहरुले विद्यार्थीहरुको Provisional हाँजिरि गराउने छन्। तत्पश्चात (२०७४ मंसिर १६ गते देखि) सबै क्याम्पस/कलेजहरुले आफ्ना कार्यक्रमहरुमा भर्ना भएका बिद्यार्थीहरुको रोल नम्बर (Unique IOE Roll Number) केन्द्रिय भर्ना Portal बाट Download गरी हाँजिरि रेकर्ड राख्नु पर्नेछ।

१३.केन्द्रिकृत भर्ना अनुगमन समितिले मिति २०७४ मंसिर १६ गते सबै क्याम्पस/कलेजहरुमा भर्ना भएका विद्यार्थीहरुको विवरण (Unique IOE Roll Number सहित) इ. अ. स. डीन कार्यालयलाई बुझाउनु पर्नेछ र उक्त विवरणनै त्यस बर्षको अन्तिम भर्ना विवरण हुनेछ।

१४.क्याम्पस/कलेजहरुले कुनै निवेदन परेको खण्डमा आफ्ना विद्यार्थीहरुको भर्ना रद्द र कार्यक्रम परिवर्तन गर्ने कार्य केन्द्रिय भर्नाको क्यम्पस/कलेज Login Portal बाटै गर्नु पर्नेछ।

१५.सबै सम्बन्धन प्राप्त कलेजहरुले आफ्ना भर्ना भएका विद्यार्थीहरुको Certificate Verification को विवरण मिति २०७४ मंसिर २५ गते भित्र इ. अ. स. डीन कार्यालयमा बुझाइ सक्नु पर्नेछ।

१६.आवेदन सूची, भर्ना सूची लगायत भर्ना सम्बन्धमा कुनै गुनासो भएमा आवेदकहरुले इ. अ. स. केन्द्रिय भर्ना अनुगमन समितिमा निवेदन दिन सक्नेछन्। उक्त गुनासो भर्ना अनुगमन समितिको ईमेलः admission@ioe.edu.np मा पनि प्रमाण सहित पठाउन सकिनेछ।